
# आर्थिक वर्ष २०७२/७३ को राष्ट्रिय लेखा तथ्याङ्क

## १ परिचय (Introduction)

केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रुपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा (National Account) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू तयार गरी सार्वजनिक गरिँदै आइएको छ । यसै क्रममा चालु आर्थिक बर्ष २०७२/७३ को चार देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरुसँग सम्बन्धित आँकडा तथा सूचनाहरु एवं बाँकी अवधिको सामान्य अवस्थाको आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७२/७३ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक बर्ष २०७०/७१ को अन्तिम अनुमान तथा गत आर्थिक बर्ष २०७१/७२ को संशोधित अनुमान प्रकाशित गरिएको छ । प्राप्त अनुमानहरुको अध्ययन गर्दा गत २०७२ बैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका दिनहरुमा गएका पराकम्पन तथा चालु आर्थिक बर्षमा देशका सिमानाकामा भएको अवरोधका कारण वस्तु तथा सेवाको उत्पादन तथा आयातमा उल्लेख्य गिरावट आएको देखिन्छ । जस अन्तर्गत आर्थिक वर्ष २०७०/७१ को सामान्य अवस्थाको अन्तिम अनुमान र भूकम्प तथा सिमानाका अवरोध पछिको आर्थिक बर्ष २०७१/७२ को संशोधित तथा २०७२/७३ को प्रारम्भिक अनुमानहरू समावेश छन् । उपभोग, बचत, लगानी जस्ता राष्ट्रिय लेखा सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथ्याङ्कको उपलब्धताको आधारमा क्रमश संशोधन गरी प्रस्तुत गरिने छन् ।

## २ कुल गार्हस्थ्य उत्पादन बार्षिक बृद्धिदर (Annual Growth Rate of GDP)

चालु आर्थिक वर्ष २०७२/७३ को चार देखि नौ महिनासम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को





चित्र नं. १: कुल गार्हस्थ उत्पादनको बार्षिक बृद्धिदर

बृद्धिदर आधारभूत मूल्यमा (Basic price) ०.७७ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । सोही बृद्धिदर गत आर्थिक वर्ष २०७१/७२ मा २.३२ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७०/७१ मा ५.७२ प्रतिशत हुने अन्तिम अनुमान रहेको छ (चित्र नं. १) ।

## ३ बृहद् औद्योगिक समूह अनुसार कुल मूल्य अभिबृद्धि बृद्धिदर (GVA by Broad Industry Group)

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीयक क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिन्छ ।




चित्र नं. २: बृहद् औद्योगिक समूह अनुसार कुल गार्हस्थ उत्पादनको अंश

### ३.१ *प्राथमिक क्षेत्र (Primary Sector)*

यस क्षेत्र अन्तरगत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन् क्षेत्र पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ३२.२८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर १.२२ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । भुकम्प, खडेरी जस्ता प्राकृतिक प्रकोपका कारण यस क्षेत्रको उत्पादनमा निकै ह्रास आएको देखिन्छ ।

### ३.२ *द्वितीयक क्षेत्र (Secondary Sector)*

यस क्षेत्र अन्तरगत निर्माण, उद्योग र विद्युत, ग्यास तथा पानी क्षेत्र पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १३.४३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ६.३ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान रहेको छ । खासगरी सिमानाका अवरोधले निर्माण सामाग्री तथा कच्चा पदार्थ जस्ता आयातीत वस्तुहरुको प्रवाहमा आएको कमी तथा


भूकम्पका कारण यस क्षेत्र निकै प्रभावित भएको छ । तसर्थ, यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदरमा उल्लेख्य गिरावट देखिन्छ ।

### ३.३ *सेवा क्षेत्र (Tertiary Sector)*

यस क्षेत्र अन्तरगत थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात संचार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५४.२९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २) । अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर २.६७ प्रतिशत हुने प्रारम्भिक अनुमान  रहेको छ । सिमानाका अवरोध तथा भूकम्पका कारण यस क्षेत्र पनि निकै प्रभावित भएको छ । तसर्थ, यस क्षेत्रको कुल मूल्य अभिबृद्धि बृद्धिदरमा उल्लेख्य गिरावट देखिन्छ ।

## ४ औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिबृद्धि (GVA by Industry Classification)

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले ३१.६९ प्रतिशत तथा गैर कृषि क्षेत्रले ६८.३१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन तथा मत्स्य) को कुल मूल्य अभिबृद्धि (GVA) १.३३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३) । त्यसैगरी गैर कृषि क्षेत्रको ०.६३ प्रतिशतले बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३) । आर्थिक क्षेत्रहरूको विस्तृत वर्गीकरण अनुसार वार्षिक वृद्धिदर निम्नानुसार हुने प्रारम्भिक अनुमान गरिएको छ ।




चित्र नं. ३: कृषि तथा गैर कृषि क्षेत्रको कुल मूल्य अभिबृद्धि बृद्धिदर

### ४.१ कृषि तथा वन (Agriculture and Forestry)

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ३१.१९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक बर्षमा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) वार्षिक बृद्धिदर १.१४ प्रतिशत

रहने प्रारम्भिक अनुमान गरिएको छ । प्रमुख बालीहरु जस्तै धान, गहुँ, कोदो आदिको उत्पादनमा आएको ह्रासका कारण यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बार्षिक बृद्धिदर घटेको अनुमान गरिएको हो (तालिका १) । त्यस्तै गरी बढ्दो खडेरीले गर्दा प्रमुख बालीहरुको उत्पादनमा पनि निकै ह्रास आएको हो ।

| प्रमुख बाली | उत्पादनमा भएको बृद्धि | कैफियत |
|---|---|---|
| धान | –१०.२२% | ↓ |
| गहुँ | –५% | ↓ |
| मकै | ४% | ↑ |
| कोदो | –२% | ↓ |
| आलु | ४.५% | ↑ |
| तरकारी | ५% | ↑ |
| भैंसीको दुध | –१% | ↓ |

तालिका १: कषि उत्पादनको बृद्धि श्रोत: कृषि विकास मन्त्रालय, २०७३

### *४.२ मत्स्यपालन (Fishery)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । चालू आर्थिक बर्ष २०७२/७३ मा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बार्षिक बृद्धिदर ११.७६ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । मत्स्य विकासको क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रको प्रयासहरु सफल हुदै गएको तथा अधिकतम मत्स्य उत्पादन हुने क्षेत्रमा (तराईमा) भूकम्पको प्रभाव कम भएकोले भूकम्पपछिको अवस्थामा पनि यसक्षेत्रको बृद्धिदरमा सकारात्मक नतिजा प्राप्त हुने अनुमान गरिएको हो ।

### *४.३ खानी तथा उत्खनन् (Mining and Quarrying)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.५९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । खानी तथा उत्खनन् क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा यस वर्षको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ६.५४ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान गरिएको छ । खानी क्षेत्रको उत्पादनमा भूकम्पको कारण खासै फरक परेको देखिँदैन । तर भूकम्प अति प्रभावित जिल्लाहरूमा ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खनन्मा निकै ह्रास आएको छ भने पक्की घर निर्माणमा सरकारले लगाएको रोकसँगै अन्य जिल्लाहरूमा समेत ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खनन्मा ह्रास आएको छ । जसका कारण यस क्षेत्रको बृद्धिदरमा उल्लेख्य ह्रास आउने अनुमान गरिएको छ ।

### *४.४ उद्योग (Manufacturing)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.५३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । उद्योग क्षेत्रमा आर्थिक वर्ष २०७१/७२ को तुलनामा आर्थिक वर्ष २०७२/७३ मा कुल मूल्य अभिबृद्धि (GVA) ९.८६ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान गरिएको छ । सिमानाकामा भएको अवरोधका कारण इन्धन तथा कच्चा पदार्थको अभाव र देशका विभिन्न भागमा भएका बन्दका कारण उद्योगहरु सञ्चालनमा आउन नसकेकोले यस्तो ह्रासको अवस्था आएको हो ।

### *४.५ विद्युत, ग्यास तथा पानी (Electricity, Gas and Water)*

| महिना | २०७१/७२ | | | २०७२/७३ | | |
|---|---|---|---|---|---|---|
| | प्राधिकरणको उत्पादन | आन्तरिक खरिद | जम्मा | प्राधिकरणको उत्पादन | आन्तरिक खरिद | जम्मा |
| श्रावण | २१६.१ | १३८.९ | ३५५.१ | २३५.३ | १२५.० | ३६०.३ |
| भाद्र | २२१.८ | १२४.६ | ३४६.४ | २२५.८ | १२३.३ | ३४९.१ |
| आश्विन | २११.६ | १३१.० | ३४२.६ | २२८.७ | १२९.८ | ३५८.५ |
| कार्तिक | २२६.६ | १३०.० | ३५६.६ | २१९.९ | १३२.८ | ३५२.७ |
| मंसिर | १९९.६ | १०७.९ | ३०७.४ | १६८.८ | १००.५ | २६९.४ |
| पौष | १६९.५ | ८२.५ | २५२.० | १४२.१ | ८१.५ | २२३.६ |
| माघ | १२७.६ | ७१.६ | १९९.३ | १३७.१ | ६६.५ | २०३.६ |
| फाल्गुन | १३६.५ | ७७.३ | २१३.८ | ११८.२ | ५६.९ | १७५.१ |
| चैत्र | १५६.० | ८४.९ | २४०.९ | | | |
| वैशाख | २०२.८ | ७९.० | २८१.९ | | | |
| जेष्ठ | २५८.० | १०३.२ | ३६१.१ | | | |
| आषाढ | २३४.८ | ११४.९ | ३४९.६ | | | |

तालिका २: विद्युत मासिक उत्पादन — श्रोत: नेपाल विद्युत प्राधिकरण, २०७३

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.०२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा यस आर्थिक वर्षमा १.६६ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान रहेको छ । भोटेकोशी, मैलु..., सिप्लि... जस्ता जलविद्युत उत्पादन केन्द्रहरु भूकम्प पछि हालसम्म पनि सञ्चालनमा आउन नसक्नु, लामो खडेरीका कारण नदीमा पानीको प्रवाहमा आएको ह्रास लगायतका कारणहरुले यस क्षेत्रको उत्पादनमा ह्रास आएको अनुमान गरिएको छ ।

### *४.६ निर्माण (Construction)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६.८८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा निर्माण क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) ३.९८ प्रतिशतले ह्रास आउने प्रारम्भिक अनुमान गरिएको छ । उद्योगहरुको बन्दका कारणले स्वदेशी निर्माण सामाग्री आपुर्तिमा गिरावट र सिमानाकामा भएको अवरोधले आयातित निर्माण सामाग्री अभावका कारणले यस क्षेत्रको उत्पादन प्रभावित हुन पुगेको अनुमान गरिएको छ । साथै भूकम्पको क्षतिका कारण अबरुद्ध भएका केही निर्माण कार्यहरु, सिमानाकाको अवरोधले निर्माण सामाग्रीको अभावबाट थप प्रभावित भई यस क्षेत्रको बृद्धि नकारात्मक भएको अनुमान गरिएको छ ।

### *४.७ थोक तथा खुद्रा व्यापार (Wholesale and Retail Trade)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १४.२३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । थोक तथा खुद्रा व्यापार क्षेत्रमा आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा कुल मूल्य अभिबृद्धि (GVA) १.१३ प्रतिशतले ह्रास हुने प्रारम्भिक अनुमान रहेको छ । बिक्रीयोग्य वस्तुहरूको समग्र उपलब्धतालाई विचार गरी तयार गरिएको विवरणको आधारमा उल्लेखित

पूर्वानुमान गरिएको हो । प्रमुख कृषिजन्य उत्पादनमा आएको ह्रास, उद्योग क्षेत्रमा भएको उत्पादनको कमी, सिमानाका अवरोधले आयातजन्य वस्तुको आयातमा आएको कमीका कारणले गत बर्षको तुलनामा यस बर्ष यस क्षेत्रको बृद्धिदर नकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान गरिएको हो ।

### *४.८ होटल तथा रेष्टुरेन्ट (Hotel and Restaurant)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २.०८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । होटल तथा रेष्टुरेन्ट क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा ४.८५ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) ह्रास हुने अनुमान रहेको छ । भुकम्प तथा सिमानाका अवरोधका कारणले पर्यटकको आगमनमा आएको कमी, इन्धनको अभावमा होटल व्यवसाय आफै संकुचनमा रहेको अवस्थामा यातायात क्षेत्रमा आएको संकुचनले आन्तरिक पर्यटनमा समेत गिरावट आई यस क्षेत्र थप संकुचित हुन पुगेको प्रारम्भिक अनुमान रहेको छ ।

### *४.९ यातायात, संचार तथा भण्डारण (Transportation, Communication and Storage)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ८.४२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा अघिल्लो वर्ष २०७१/७२ को तुलनामा यस आर्थिक वर्ष २०७२/७३ मा २.५५ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) बृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । सिमानाका अवरोधका कारणले प्रभावित स्थलगत यातायात तर्फको उत्पादन नकारात्मक भएता पनि हवाई यातायात क्षेत्रमा भएको उल्लेखनीय बृद्धिका कारणले समग्र यातायात क्षेत्रको सेवा उत्पादन नकारात्मक हुन पाएन । तथापी यातायात क्षेत्रको बृद्धिदर भने ०.५ प्रतिशतमा सीमित हुन पुगेको छ । संचार तथा भण्डारण क्षेत्रको सेवा उत्पादनमा भने सामान्य अवस्थाको बृद्धिदर देखिएकोले समग्र रुपमा यस क्षेत्रको बृद्धिदर २.५५ प्रतिशत कायम हुन पुगेको हो ।

### *४.१० वित्तीय मध्यस्थता (Financial Intermediation)*

वित्तीय मध्यस्थता क्षेत्र भित्र बैंकिङ समूहमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकासबैंक, वित्त कम्पनीहरूको साथै सहकारी संस्थाहरूको कारोबार रहेका छन् । बीमा समूहमा बीमा समिति, जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबारहरू रहेका छन् । त्यस्तै गरी सामाजिक सुरक्षा योगदान समूहमा नेपाल धितोपत्र बोर्ड, कर्मचारी संचय कोष, नागरिक लगानी कोष आदिका कारोबारहरु रहेका छन् । चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ४.९६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । समग्र रुपमा यी क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा वित्तीय मध्यस्थता क्षेत्रमा ३.३ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) बृद्धि हुने अनुमान रहेको छ ।

### *४.११ रियल स्टेट तथा व्यावसायिक सेवा* ***(Real Estate and Business Activities)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ९.१६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्र अन्तर्गत कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर अघिल्लो वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा ३.७२ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान गरिएको छ । शहरी क्षेत्रमा घर जग्गाको कारोवारमा आएको बढोत्तरी तथा व्यावसायिक कारोवारमा आएको सामान्य बृद्धिका कारण यस क्षेत्रको बृद्धिदर सकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान रहेको छ ।

### *४.१२ सार्वजनिक प्रशासन तथा रक्षा* ***(Public Administration and Defense)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २.६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा चालू आर्थिक वर्ष २०७२/७३ को कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर ५.७८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको बजेट तथा खर्चको आधारमा तयार गरिएको अनुमान अनुसार यस क्षेत्रमा उक्त बृद्धिदर हासिल हुने पूर्वानुमान छ ।

### *४.१३ शिक्षा* ***(Education)***

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६.७६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा कुल मूल्य अभिबृद्धि (GVA) ६.६९ प्रतिशतले बृद्धि हुने पूर्वानुमान गरिएको छ । निजी तथा गैरसरकारी क्षेत्रहरूबाट संचालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तित सूचकको आधारमा तयार गरिएको अनुमान अनुसार पछिल्लो बृद्धिदर हासिल हुने प्रारम्भिक अनुमान गरिएको छ । मध्यवर्ति उपयोग कम भएको तर आयमा बढोत्तरी भएका कारण निजी शैक्षिक संस्थाहरुको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर बढेको हो ।

### *४.१४ स्वास्थ्य* ***(Health)***


चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.७७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रतर्फ आर्थिक वर्ष २०७१/७२ को तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा ८.८५ प्रतिशतले कुल मूल्य अभिबृद्धि (GVA) बढ्ने प्रारम्भिक अनुमान गरिएको छ । निजी स्वास्थ्य संस्थाहरुको आयमा भएको बृद्धिका कारण यस क्षेत्रको कुल मूल्य अभिबृद्धि (GVA) बृद्धि भएको हो ।

### ४.१५ *अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा (Other Community, Social and Personal Services)*

चालु आर्थिक बर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ४.३१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । यस क्षेत्रमा कुल मूल्य अभिबृद्धि (GVA) बृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्ष २०७२/७३ मा ५.६ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । केन्द्रीय तथा स्थानीय सरकारको सामुदायिक, सामाजिक क्षेत्रमा तर्जुमा गरिएको बजेट तथा खर्चको आधारमा र निजी क्षेत्रहरूबाट संचालित एफ.एम. तथा टेलिभिजन जस्ता मनोरञ्जनात्मक सेवाको आर्थिक गतिविधिहरूको आधारमा यस क्षेत्रको गार्हस्थ्य उत्पादन संशोधन हुने अनुमान गरिएको छ ।


## ५ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश तथा कुल मूल्य अभिबृद्धिको बृद्धिदर (Weight of Various Industries in GDP and Growth Rate of Value Added)

चालु आर्थिक बर्ष २०७२/७३ को कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी अंश विगत बर्षहरु जस्तै कृषि क्षेत्रको रहेको अनुमान गरिएको छ । गत आर्थिक बर्ष २०७१/७२ कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको ३१.३ प्रतिशत हिस्सा ओगटेकोमा चालु आर्थिक बर्षमा यो हिस्सा घटेर ३१.२ प्रशिशत हुन पुगेको अनुमान गरिएको छ (चित्र नं. ४) । कुल पन्ध्रवटा औद्योगिक क्षेत्रमध्ये गत बर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनको अंश बढ्नेमा रियल स्टेट, शिक्षा, वित्तिय मध्यस्थता, अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा, स्वास्थ्य गरी पाँचवटा र घट्नेमा कृषि तथा वन, थोक तथा खुद्रा व्यापार, निर्माण, उद्योग, विद्युत्, ग्याँस र पानी गरी पाँचवटा रहेका छन् भने गत वर्षकै हाराहारीमा यातायात, संचार तथा भण्डारण, सार्वजनिक प्रशासन तथा रक्षा, होटल तथा रेष्टुरेण्ट, खानी तथा उत्खनन् र मत्स्य गरी पाँचवटा क्षेत्रहरु रहेका छन् (चित्र नं. ४) ।




चित्र नं. ४: औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश

त्यसैगरी गत आर्थिक बर्षको तुलनामा चालु आर्थिक बर्षको कुल मूल्य अभिबृद्धि बृद्धिदरको अध्ययन गर्दा कुल पन्ध्रवटा औद्योगिक क्षेत्र मध्ये सात वटा क्षेत्रको तुलनात्मक हिसाबले बृद्धिदर बढेको अनुमान रहेको छ। चालु आर्थिक बर्षमा कुल मूल्य अभिबृद्धि बृद्धिदर सबै भन्दा बढी मत्स्य क्षेत्रमा र त्यस पछि क्रमशः स्वास्थ्य, शिक्षा क्षेत्रमा रहेको अनुमान गरिएको छ (चित्र नं. ५)। आठवटा क्षेत्रमा भने यो बृद्धिदर गत बर्षको तुलनामा घटेको अनुमान गरिएको छ भने ती मध्ये पनि छ वटा क्षेत्रको यस आर्थिक बर्षको कुल मूल्य अभिबृद्धि बृद्धिदर भने नकारात्मक रहेको अनुमान गरिएको छ (चित्र नं. ५)। सबैभन्दा बढी नकारात्मक बृद्धिदर भने उद्योग क्षेत्रमा र त्यसपछि खानी तथा उत्खनन् क्षेत्रमा भएको अनुमान गरिएको छ (चित्र नं. ५)।




चित्र नं. ५: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिबृद्धि बृद्धिदर

## !!! धन्यवाद !!!

***प्राविधिक नोट (Technical Notes)***

*केन्द्रीय तथ्यांक विभागले तयार गर्ने राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्यांक आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 1993 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन्।*

***केहि शब्दावलीहरु (Glossary)***

*१. उत्पादन (Output): उत्पादकहरुबाट उत्पादन गरिएका वस्तु तथा सेवाहरुलाई उत्पादन (Output) भनिन्छ।*
*२. मध्यवर्ति उपभोग (Intermediate Consumption): उत्पादकहरुबाट नयाँ वस्तु तथा सेवाको उत्पादन गर्नका लागि उपभोग गरिएका वस्तु तथा सेवाहरुको कूल मूल्यलाई मध्यवर्ति उपभोग (Intermediate Consumption) भनिन्छ।*
*३. कुल मूल्य अभिबृद्धि (Gross Value Added, GVA): उत्पादकहरुको कुल उत्पादनबाट (Gross Output) मध्यवर्ति उपभोग (Intermediate Consumption) घटाएपछि बाँकी रहेको वस्तु तथा सेवालाई कुल मूल्य अभिबृद्धि (Gross Value Added) भनिन्छ।*
*४. कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP): कुनै आर्थिक क्षेत्रभित्र निश्चित गणना अवधिमा भएको कुल मूल्य अभिबृद्धिको योगलाई नै कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP) भनिन्छ।*

२०७३ साल वैशाख २१ गते मंगलवार

केन्द्रीय तथ्याङ्क विभाग, थापाथली।